का.जि.प्र.का.द.नं. १००/०५९/६०

२८ माघ २०७८,
शुक्रबार
11 February 2022,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ६, पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

## सजिलो भएन मनोनयन

झण्डै साढे तीन दशकदेखि नेतृत्वमा रहेका पुष्पकमल दाहाल प्रचण्ड सातौं राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष चयन भएपनि बाँकी पदाधिकारी मनोनयन गर्न नसक्दा लगातार माओवादी केन्द्रको बैठक अवरुद्ध हुँदै आएको छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ माघ ।

नेकपा माओवादी केन्द्रको केन्द्रीय कमिटी बैठक अनिश्चित बनेको छ । बिहीबार बोलाइएको बैठक विशेष कारण देखाउँदै स्थगित गरिएको छ । केन्द्रीय कार्यालयका मुख्यसचिव श्रीराम ढकालले अर्को सूचना जारी नभएसम्म बैठक स्थगित गरिएको जानकारी दिएका हुन् ।

यो सहित माओवादी केन्द्रको केन्द्रीय कमिटी बैठक चार पटक स्थगित भएको छ । यसअघि २५ पुस, २८ पुस र ८ माघमा स्थगित भएको थियो । लगातार तीन पटक भएको बैठक स्थगितको कारण कोरोना महामारीको ओमिक्रोनलाई देखाइएको थियो । पुस तेस्रो सातादेखि बढेको ओमिक्रोनका कारण माओवादी केन्द्रको बैठक स्थगित गरिएको थियो । तर संक्रमण घट्दै गएपछि सरकारले लगाएको प्रतिबन्धात्मक व्यवस्था समेत हटाइएको छ ।

स्थानीय प्रशासनलाई सरकारले प्रतिबन्धात्मक निर्णयबारे अधिकार दिएको थियो । स्थानीय प्रशासनले संक्रमण घटेर गएकाले प्रतिबन्धात्मक गतिविधि सञ्चालनको अनुमति दिएको छ । यस्तो बेला पनि माओवादी केन्द्रको बैठक बस्न सकेन ।

अर्थात् परिस्थितिका कारण माओवादी केन्द्रको बैठक बस्न नसकेको होइन । बैठक स्थगित हुनुको प्रमुख कारण हो- अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आकांक्षी नेताहरुलाई मनाउन नसक्नु । लगातार स्थगित हुँदै आएको चार वटै बैठकको प्रमुख कार्य सूची पदाधिकारी चयन र केन्द्रीय समितिलाई पूर्णता दिनु रहेको छ ।

तर २३६ सदस्यीय केन्द्रीय सदस्यको नामावली सातौं महाधिवेशन हलमा प्रस्तुत गरेका प्रचण्डले पदाधिकारी टुंग्याउन सकेका छैनन् । २९९ सदस्यीय केन्द्रीय कमिटी रहने भएपनि बाँकी केन्द्रीय सदस्यहरुको मनोनयन समेत हुन सकेको छैन । तर १८ पुसको केन्द्रीय कमिटी बैठकले केन्द्रीय सदस्यमा आफ्नो नाम आफै प्रस्ताव गरेका प्रचण्ड अध्यक्ष चयन भएका छन् । बाँकी पदाधिकारी चयन गर्न २५ पुसमा केन्द्रीय समिति बैठक बोलाइएको थियो । तर डेढ महिनासम्म बस्न सकेको छैन ।

माओवादी केन्द्रले वरिष्ठ उपाध्यक्ष, ६ जना उपाध्यक्ष, महासचिव, दुई उपमहासचिव र तीन सचिवको व्यवस्था गरेको छ । वरिष्ठ उपाध्यक्षमा नारायणकाजी श्रेष्ठ लगभग पक्काजस्तै छन् । तर बाँकी पदाधिकारीमा आकांक्षी नेताहरु धेरै छन् ।

महासचिवमा वर्षमान पुन, जनार्दन शर्मा, पम्फा भुसाल, देवेन्द्र पौडेल, देव गुरुङको सशक्त दावी छ । उपाध्यक्षमा कृष्णबहादुर महरा, मातृका यादव, गणेश शाह, लीलामणि पोखरेल, शक्ति बस्नेत, हरिबोल गजुरेल लगायतको दावी छ । उपमहासचिव र सचिवका दावेदार नेताहरु पनि धेरै भएकाले प्रचण्डले बैठक स्थगित गर्दै आएका छन् ।

**स्थानीय सरकार**

## समीक्षाको समय



स्थानीय सरकार गठन भएपछि सिंहदरबारको भ्रष्टाचार समेत बिस्तार भएको कतिपयको तर्क बिपरीत जनप्रतिनिधिकै कारण दुरदराजसम्म राज्यको उपस्थिति पुगेको दावी पनि उत्तिकै बलियो छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २७ माघ ।

सात सय ५३ स्थानीय तहको ५ वर्षे कार्यकाल सकिन अब ३ महिना बाँकी छ । सरकारले स्थानीय चुनाव घोषणा गरेपछि जनप्रतिनिधिको पाँच वर्षे कार्यकालको समीक्षा हुन शुरु भएको छ । कतिपयले ५ वर्षे अवधिलाई उल्लेख्य प्रगति हासिल हुन नसकेको टिप्पणी गर्न थालेका छन् । कतिपयले स्थानीय तहमा भ्रष्टाचार मौलाएको र देशको व्ययभार बढेको टिप्पणी पनि गरिरहेका छन् ।

तर, संविधानविद् र केही विज्ञहरुले भने संघीयताले संविधान कार्यान्वयनदेखि गाउँगाउँमा सिंहदरबारको नारालाई सार्थक बनाएको दावी गर्छन् । स्थानीय तहले संघ र प्रदेशको तुलनामा धेरै महत्वपूर्ण काम गरेको संविधानविद् डा. चन्द्रकान्त ज्ञवाली बताउँछन् । "स्थानीय तह आएपछि जनतालाई महशुस हुनेखालका कामहरु भए । वडाध्यक्षमै ३८ अधिकार थियो । अनि काम गर्न सक्ने नै भए नि", संविधानविद् ज्ञवाली भन्छन् । स्थानीय तहमा कानून कार्यान्वयन विषयमा केही अलमल भएपनि विकास र संघीयता कार्यान्वयनका दृष्टिले महत्वपूर्ण भूमिका खेलेको विश्लेषक ज्ञवाली बताउँछन् ।



स्थानीय तह आएपछि जनतालाई महशुस हुनेखालका कामहरु भए । वडाध्यक्षमै ३८ अधिकार थियो । अनि काम गर्न सक्ने नै भए नि !"

■ **चन्द्रकान्त ज्ञवाली**
*संविधानविद*

### मिश्रित मत

स्थानीय सरकार गठन भएपछि जनताले राज्यको आभाष गरेका बताएपनि भ्रष्टाचार, सुशासन कार्यान्वयन, नीति लागू गराउने लगायत विषयमा भने चुकेको छ । राजनीतिक भागबण्डा र ईगोका कारण कतिपय स्थानीय तहमा बैठक नै नबस्ने, मेयर र उपमेयर बीच बोलचाल नै बन्द हुने खालका समस्या पनि देखापरेका छन् । न्यायिक समितिको विवाद, उपमेयरको क्षेत्राधिकार मिचेको विषय र पदाधिकारीबीचका असन्तुष्टि थुप्रै बाहिरएका छन् ।

– बाँकी पृष्ठ २ मा

स्थानीय सरकार गठन भएपछि जनताको नजिकको सरकार बन्यो, जसलाई जनताले महशुस गर्न पाए । किनकि कामका लागि केन्द्रमा धाउनुपर्ने समस्याबाट जनताले उन्मुक्ति पाए । त्यत्ति मात्रै होइन, वृद्ध, एकल महिला र अशक्तहरुले घरघरमै भत्ता पाउन थाले ।

– बाँकी पृष्ठ २ मा

## कमल थापाको कठोर निर्णय



गएको मंसिरमा राप्रपाको अध्यक्षमा लिङ्देनसँग पराजित भएपछि थापाले राजतन्त्रको मुद्दा छोडेर हिन्दू राष्ट्रको एजेण्डा प्रमुख मान्नेगरी नयाँ दल बनाउने भएका छन् ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ माघ ।

पूर्वपञ्चहरुको दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) त्यागेका कमल थापाले नयाँ दल दर्ताको तयारी अगाडि बढाएका छन् । आफैले गठन गरेको राप्रपामा राजेन्द्र लिङ्देनसँग अध्यक्षमा पराजित भएपछि थापाले राप्रपा त्यागेका हुन् । पूर्वराजा ज्ञानेन्द्र शाहले अध्यक्ष पदमा लिङ्देनलाई जिताएको आरोप लगाउँदै आएका थापाले महाधिवेशनमा निर्मल निवासको हस्तक्षेपबारे छानबिन गर्नुपर्ने माग राखेका थिए ।

दुई पटक पत्र लेखेर महाधिवेशनमा निर्मल निवासबारे छानबीनको माग राखेका थापाले अन्ततः राप्रपा परित्यागको घोषणा गरे । तिनै थापाले बिहीबार आफू निकट नेताहरुको बैठक राखेका थिए । निर्वाचित पदाधिकारी समेतको सहभागिता रहेको बैठकबाट थापाले नयाँ दल गठनको निर्णय लिएका हुन् । चाँडै दर्ता हुने दलको नामबारे छलफल शुरु

– बाँकी पृष्ठ २ मा

## बैठक नचलाउन मिलेमतो !

विपक्षी दल एमाले र सत्ता गठबन्धनबीच प्रतिनिधिसभा बैठक सञ्चालन नगर्न अघोषित सहमतिजस्तै देखिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २७ माघ ।


नेकपा एमालेले प्रतिनिधिसभा बैठक स्थगित गर्न आग्रह गरेको छ । आगामी २ फागुनमा बोलाइएको प्रतिनिधिसभा बैठक स्थगित गर्न प्रमुख सचेतक विशाल भट्टराईले आग्रह गरेका हुन् । त्यसदिन एमालेले स्थानीय तहका जनप्रतिनिधिहरुलाई प्रशिक्षण राखेकाले प्रतिनिधिसभा बैठक स्थगित गर्न आग्रह गरेको हो ।

एमालेले सातै प्रदेशमा स्थानीय तहका जनप्रतिनिधिहरुलाई प्रशिक्षण कार्यक्रम तय गरेको छ । पहिलो दिन २ फागुनमा प्रदेश-१ का जनप्रतिनिधिहरुलाई विराटनगरमा प्रशिक्षण दिदैछ । पार्टी कार्यक्रम भएकै कारण एमालेले प्रतिनिधिसभा बैठक स्थगित गर्न आग्रह गरेको हो । यसअघि पनि एमालेले पार्टी कार्यक्रम देखाएर प्रतिनिधिसभा बैठक स्थगित गर्न आग्रह गरेको थियो ।

गएको ६ कात्तिकमा वडा र ९ कात्तिकमा पालिका तहको अधिवेशन तय गरेकाले प्रतिनिधिसभा बैठक स्थगितको आग्रह गरेको थियो । फेरि एमालेले प्रतिनिधिसभा बैठक स्थगितको आग्रह गरेको छ । लगातार बैठक स्थगित गर्दै आएका सभामुख अग्निप्रसाद सापकोटाले एमालेको आग्रह बमोजिम बैठक रोकेमा सातौं पटक लगातार प्रतिनिधिसभा बैठक स्थगित हुनेछ । प्रतिनिधिसभा बैठक ६ पुसदेखि लगातार स्थगित हुँदै आएको छ ।

पुसमा तीन पटक र माघमा तीन पटक बैठक तोकिएको थियो । १८, २२ र २८ पुसमा मिति तोकेर पनि बैठक बस्न सकेको थिएन । कोरोना महामारीको संक्रमण तीव्र बनेको भन्दै ३, १६ र २६ माघमा तोकिएको बैठक पनि चल्न सकेको थिएन । तर यसपटक एमालेको आग्रहमा फेरि प्रतिनिधिसभा चल्ने देखिन्न । त्यसैपनि एमालेको अवरोधका कारण गएको २३ भदौदेखि प्रतिनिधिसभा

– बाँकी पृष्ठ २ मा



## प्रशासनद्वारा संघको तदर्थ समिति विघटन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ माघ

पटकपटक समय थप गर्दा पनि साधारणसभा र नयाँ कार्यसमितिको निर्वाचन गराउन नसकेको भन्दै जिल्ला प्रशासन कार्यालय काठमाडौंले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको तदर्थ कर्यासमिति विघटन गरेको छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंको संस्था दर्ता शाखाले पटक-पटक तोकिएको मितिमा साधारणसभा नगरेकाले पुनः साधारणसभा गर्नका लागि वर्तमान तदर्थ कार्यसमितिलाई सहमति दिन नसकिने पत्र बिहीबार संघका नाममा पठाएको छ । जिल्ला प्रशासन कार्यालयको पत्रले संघ बिहीबारदेखि नै नेतृत्वविहीन बन्न पुगेको छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले दिएको पत्रमा गत असार ४ गते प्रशासनले संस्थाको विधानमा भएको व्यवस्था अनुसार अध्यक्ष मनोनयन नहुँदासम्मका लागि दैनिक अत्यावश्यक बाहेक संस्थालाई आर्थिक दायित्व सिर्जना हुने नियुक्तिसम्बन्धी काम नगर्न पत्राचार गरेको र त्यसपछि पटक-पटक समय दिँदा पनि साधारणसभा र निर्वाचन नगराएको उल्लेख छ ।

पत्रमा भनिएको छ, 'भदौ ५ गते पुनः पत्रचार गर्दै सुरक्षा मापदण्ड पालना गरी असोज ७ गते निर्वाचनसहितको साधारणसभा सञ्चालन गर्न अनुमति दिइएको थियो । तर, संघले दशैं, तिहार र छठपर्व देखाइ मंसिर २७ गते साधारण सभा गर्ने अनुमति माग गर्दा उक्त मितिमा साधारणसभाका लागि स्वीकृति दिए पनि विभिन्न कारण देखाइ पुस २३ गते हुने भनेको साधारणसभा नभई पुस ३० गतेका लागि मिति सारिएको अवस्थामा संघको विधानको दफा २६ (४) अनुसार पनि साधारणसभा गराउन सकेको देखिएन । तसर्थ वर्तमान तदर्थ समितिलाई साधारणसभा र निर्वाचन गराउने अनुमति दिन सकिँदैन ।'

जिल्ला प्रशासन कार्यालय काठमाडौं श्रोतले संघको तदर्थ समिति विघटन भएपछि संघका सदस्यको व्यवसायी भेला गरी भेलाबाट नयाँ साधारणसभा र निर्वाचन गराउने म्याण्डेटसहित सहमतिका आधारमा अर्को तदर्थ समिति गठन हुनुपर्ने मध्यान्हलाई बतायो । व्यवसायीहरूको भेला नभएको वा भेला भएपनि सहमतिमा तदर्थ कार्यसमिति गठन नभएमा गृह मन्त्रालय वा जिल्ला प्रशासन कार्यालय काठमाडौंले हस्तक्षेप गर्न सक्ने पनि उक्त श्रोतले बतायो ।

यसअघि नेपाल रेडक्रस सोसाईटीमा पनि तोकिएको समयमा साधारणसभा र निर्वाचन नहुँदा गृहमन्त्रालयले हस्तक्षेप गरेको थियो । नाम नबताउने शर्तमा जिल्ला प्रशासन कार्यालयका एक अधिकृतले

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### समस्या समाधानका लागि प्रचण्डले श्रममन्त्रीसँग छलफल गर्ने

काठमाडौं/मस- पूर्व प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले वैदेशिक रोजगार व्यवसायभित्र रहेका समस्याको समाधानका लागि आफुले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीसँग छलफल गर्ने आश्वासन दिएका छन् ।

पार्टी निकट नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले वैदेशिक रोजगारका क्षेत्रमा सिन्डिकेट खडा गर्न चलखेल भएको भन्दै सबैखाले सिन्डिकेट हटाउन माग गर्दै ज्ञापनपत्र बुझाएपछि अध्यक्ष प्रचण्डले उक्त आश्वासन दिएका हुन् ।

मञ्चले बिहीबार माओवादी अध्यक्ष प्रचण्डलाई उनकै निवास खुमलटारमा

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२८ माघ २०७८, शुक्रबार
11 February 2022, Friday

# संसदलाई जीवन्त र जनमुखी बनाउने काम भइरहेको छ : सभामुख

**धुलिखेल/मस**–सभामुख अग्निप्रसाद सापकोटाले नेपाली जनतामा उच्चस्तरको लोकतान्त्रिक आचारण र चरित्र भएकाले कसैलाई पनि अति गर्नतर्फ लान नदिने बताएका छन् ।

राष्ट्रियसभा उपाध्यक्ष र सात प्रदेशका उपसभामुखबीच अनुभव आदान-प्रदान गर्न आज यहाँ आयोजित कार्यक्रममा उनले जनताले अहिले कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाबाट भइरहेको काम कारबाहीलाई नजिकबाट हेरिरहेको बताए ।

'संसद्लाई जीवन्त र जनमुखी बनाउन वातावरण बनाउने काम भइरहेको छ, संसद्काबारे धेरै प्रश्न उठेको छ, मेरो पहलकदमी कहाँ पुगेको छैन, कहाँ बढाउनुपर्छ भन्नेतर्फ काम गरिरहेको छु, सभामुखको नेतृत्वमा सबै सांसदले स्वतन्त्र भएर निर्णय गर्न पाउँछन् त भन्ने प्रश्न छ, आलोचना र आएका सुझावलाई सकारात्मकरूपमा लिएको छु' उनले भने ।

अहिले भइरहेका बहसले हामीलाई देशहितका लागि निष्कर्षमा पुर्‍याउने उल्लेख गर्दै उनले भने, 'इतिहास राम्रो अध्ययन गरेका जनता नै सर्वोपरी हुन् । देशभक्त भावनाले ओतप्रोत जनताले ठिक निर्णय गर्नेछन, तटस्थ, निष्पक्ष र स्वतन्त्र हुनुमा मेरो पनि ठूलो तागत छ ।'

देशले एकपछि अर्को गर्दै महामारी, राजनीतिक र जलवायु संकट भोग्नुपरेको उल्लेख गर्दै सभामुख सापकोटाले सकारात्मक सोच विचारले मात्रै राम्रा नतिजा हासिल गर्ने भएकाले संसदले मुख्य कार्यभार कानुन निर्माणमै जोड दिनुपर्ने बताए ।

सभामुख र उपसभामुखलाई सबैसँगको छलफल र अन्तरघुलनबाट सभा सञ्चालन गर्न सहज तुल्याउने बताउँदै सभामुख सापकोटाले सबै उपसभामुखमा नयाँ र चुनौतीपूर्ण जिम्मेवारीले आत्मविश्वास बढाएको उल्लेख गरे । लोकतन्त्र प्रवचन दिने विषय नभई आत्मसात र व्यवहारमा लागू गर्ने विषय भएको जनाउँदै उनले संसद्मा लोकतन्त्रको उच्चतम अभ्यास गर्ने थलो भए तापनि विविध कारणले योग्यता र क्षमताको गतिलो अभ्यास गर्न नसकिरहेको उल्लेख गरे ।

## स्थानीय...

जन्म, मृत्यु, विवाह दर्ता, नागरिकता लगायत डकुमेन्टहरु नागरिकले स्थानीय निकायबाटै लिन पाउने भए । बेरोजगारहरुको तथ्यांक राख्ने कतिपयलाई स्थानीय निकायमै जागिरको प्रबन्ध गरिदिने लगायत थुप्रै कामहरु स्थानीय तहबाट भए ।

सडक, जलविद्युत्, भाषा, संस्कृति र सम्पदाको संरक्षणमा पनि स्थानीय तहको भूमिका महत्वपूर्ण देखिएको विज्ञहरु बताउँछन् । संविधान कार्यान्वयन देखि लिएर विकास निर्माणको क्षेत्रमा स्थानीय तहको महत्वपूर्ण भूमिका देखिएपनि कतिपय अत्यावश्यक काम पनि हुननसकेको विज्ञहरु बताउँछन् ।

## मिश्रित...

आगामी चुनावपछि भने सकेसम्म कानून पढेका व्यक्तिलाई उपमेयरमा उठाउने त्यत्ति पनि नसकिए सल्लाहकारका रुपमा वकीललाई नियुक्त गर्नुपर्ने संविधानविद् ज्ञवाली बताउँछन् । उनले कानून कार्यान्वयनका क्षेत्रमा पनि केही सुधार गर्नुपर्ने बताएका छन् । विकास निर्माणमा पनि उल्लेख्य प्रगति हासिल गर्न सडक, खानेपानी, बत्ती र शिक्षाको पहुँचमा नागरिकलाई पुर्‍याउनुपर्ने विकास विज्ञहरु बताउँछन् । "स्थानीय तहले कानून तर्जुमा गर्दा पनि संघ वा प्रदेशको एकल अधिकारमा अतिक्रमण नगर्ने, संघीय तथा प्रदेश कानूनसँग बाझिन नहुने, राष्ट्रिय नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने, प्रदेश नीति तथा प्राथमिकता अनुकूल हुने र कार्यान्वयनमा सघाउ पुग्ने र कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्नेगरी सावधानी अपनाउनु पर्दछ", पूर्वसचिव गोपीनाथ मैनाली भन्छन् । जनताको अधिकार जनता समक्ष पुर्‍याउन स्थानीय तहले महत्वपूर्ण भूमिका खेलेपनि यसभित्र देखिएका कमीकमजोरी सुधार नभए जनताले वास्तवमै संघीयताको प्रत्याभूति गर्न नसक्ने कतिपययको बुझाई छ ।

## कमल....

गरेका थापाले आगामी स्थानीय चुनावमा भाग लिनेगरी दल दर्ता गर्ने भएका छन् । पार्टीको संभावित नाम भने राष्ट्रिय एकता पार्टी हुनसक्नेमा नेताहरुबीच सहमति जुटाएका छन् । चुनाव चिन्ह आँखा, कमलको फूल, गुलाव वा हात्ती रहनेछन् । राजतन्त्रको एजेण्डा भने थापाले छोड्ने भएका छन् ।

२०६२/०६३ सालको जनविद्रोह दबाउन थापाले ज्ञानेन्द्र शाहलाई साथ दिएका थिए । शाही कू गरी सत्ता हातमा लिएपछि ज्ञानेन्द्रले आफू नेतृत्वको सरकारका गृहमन्त्रीमा थापालाई नियुक्त गरेका थिए । तर विद्रोह सफल भयो । राजतन्त्रकै अन्त्य भयो । सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्द, पशुपति शमशेर जबराहरुले गणतन्त्र स्वीकार गरे । तर कमल थापाको नेतृत्वमा राप्रपा नेपाल बन्यो । उक्त दल गणतन्त्रको विपक्षमा मतदान गरेको थियो । यसपछि पनि निरन्तर संवैधानिक राजतन्त्र र हिन्दू राज्यको पक्षमा वकालत गर्दै आएका थापा सहित सबै पूर्वपञ्चहरुबीच एकता गरी राप्रपा बन्यो । तर गएको मंसिरमा राप्रपाको अध्यक्षमा लिङ्देनसँग पराजित भएपछि थापाले राजतन्त्रको मुद्दा छोडेर हिन्दू राष्ट्रको एजेण्डा प्रमुख मान्नेगरी नयाँ दल बनाउने भएका छन् ।

## बैठक...

बैठक अवरुद्ध हुँदै आएको छ । नेकपा एकीकृत समाजवादीलाई दलीय मान्यता दिन नहुने मागसहित एमालेले कीर्तिमानी अवरोध गरिसकेको छ । २०५७ सालमा एमालेले लगातार ५७ दिन संसद् चल्न दिएको थिएन । यसपटक चार महिनादेखि बैठक चल्न दिएको छैन ।

त्यसोत प्रतिनिधिसभा नचल्नुमा सत्तारुढ दलहरुबीच देखिएको समस्या पनि कारण देखिएको छ । एमसीसी अनुमोदनको प्रयोजनका निम्ति गएको २८ मंसिरमा संसद् अधिवेशन आह्वान गरिएको थियो । तर एमसीसी अनुमोदन गराउने वा नगराउनेमा सत्तारुढ दलबीच मतभेद देखिएकाले प्रतिनिधिसभा बैठक स्थगितलाई नै उचित विकल्पका रुपमा लिइदै आएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाले एमसीसी अगाडि बढाउने अडान लिएपछि १६ माघमा निर्धारित प्रतिनिधिसभा बैठक सभामुख सापकोटाले दश दिन धकेलेका थिए । त्यसपछि फेरि एक साताका निम्ति स्थगित गरिएको थियो ।

## प्रशासनद्वारा...

भने, 'धेरै लामो समय होइन आगामी मंगलबार बुधबारसम्म सहमतिमा तदर्थ समिति गठन भई आएन भने थप प्रशासनिक कदम चाल्नुपर्ने हुनसक्छ ।' संघका पूर्वअध्यक्ष रोहन गुरूङले बिहीबार दिउँसो जिल्ला प्रशासन कार्यालयबाट पत्र आएपछि संघका एक पूर्वअध्यक्षको अध्यक्षतामा संघलाई छाता संस्था मान्ने जातीय भेगीय संस्थाका प्रतिनिधिसमेतलाई समेटेर तदर्थ कार्यसमिति गठनको लागि छलफल शुरू गरिएको बताए । उनले भने, 'छिटोमा आइतबार नभए सोमबारसम्म संघको तदर्थ कार्यसमिति बनाउने प्रयास छ । तर कसको नेतृत्व भन्ने विषयमा प्रष्ट धारणा आएको छैन ।'

संघमा यसअघि २१ सदस्यीय कार्यसमितिमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले अध्यक्ष, दुई पदाधिकारी र पाँच सदस्य, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले प्रथम उपाध्यक्षसहित तीन सदस्य, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले द्वितीय उपाध्यक्ष र दुई सदस्य, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनले महासचिव र तीन सदस्य तथा समाजवादी वैदेशिक रोजगार व्यवसायी संघले तृतीय उपाध्यक्ष र एक सदस्यमा प्रतिनिधित्व गर्ने सहमति भएको थियो । सोही मापदण्डअनुसार नयाँ निर्णय भई लोकतान्त्रिक एसोसिएसन निकट संघका पूर्वअध्यक्षको अध्यक्षतामा नयाँ तदर्थ समिति गठन हुने कतिपयले आंकलन गरेका छन् । तदर्थ कार्यसमितिले संघको साधारणसभा र निर्वाचनको मिति तोक्ने बताइएको छ ।

## समस्या...

भेट गरी वैदेशिक रोजगारीमा लामो समयदेखि समाधान हुन नसकेका विभिन्न समस्या र म्यानपावर वर्गीकरणको नाममा सिन्डिकेटको विकृति देखिन थालेको भन्दै गम्भीर हुन माग गरेको थियो ।

मञ्चका अध्यक्ष धनलाल जैसीको नेतृत्वमा पूर्वअध्यक्ष दिल प्रसाद पोखरेल, मञ्च कार्यसमिति पदाधिकारी तथा सदस्य र कानूनी सल्लाहकार अधिवक्ता देवराज कटुवालसहित गएको प्रतिनिधिमण्डलले अध्यक्ष प्रचण्डलाई सुधारका सात बुँदे योजना प्रस्तुत गरेको थियो ।

अध्यक्ष प्रचण्डले मञ्चले वैदेशिक रोजगार सुधारका सम्बन्धमा प्रष्ट कार्ययोजना ल्याएको भन्दै स्वदेशमा रोजगारको अवसर नभएको अवस्थामा वैदेशिक रोजगारको तत्काल विकल्प नदेखिएकोले सुधार अपरिहार्य रहेको बताए । मुल विषय स्वदेशमा पुँजी र प्रविधिको व्यापक प्रयोग गरी रोजगारी सिर्जना गरी वैदेशिक रोजगारीमा रहेका युवायुवतीलाई स्वदेश फर्काउनु रहेको तर हाल त्यो सम्भावना नरहेको अध्यक्ष प्रचण्डको भनाइ थियो ।

मागपत्र बुझ्दै अध्यक्ष प्रचण्डले वैदेशिक रोजगार व्यवसायलाई व्यवस्थित गर्नका लागि आफुले प्रधानमन्त्री र श्रम मन्त्रीसँग कुरकानी गरेर समाधान खोज्ने समेत आश्वासन दिए ।

मञ्चका महासचिव कुन्छा दोर्जे डिम्डोङले श्रम मन्त्रालयले अनावश्यकरूपमा म्यानपावर कम्पनी वर्गीकरण गर्न खोजेकाले त्यसलाई रोक्न माथिल्लो तहबाट नै पहल हुनुपर्ने देखिएकाले अध्यक्ष प्रचण्डलाई ज्ञापनपत्र बुझाएको बताए । मञ्चका सल्लाहकार दिलप्रसाद पोखरेलले मुलुकको अर्थतन्त्र वैदेशिक रोजगार व्यवसायमा आधारित भएको अहिलेको अवस्थामा यस क्षेत्रलाई थप व्यवस्थित गर्नका लागि अध्यक्ष प्रचण्डले पहल लिइदिनुपर्ने आग्रह गरे । राजनीतिक दलहरूले सुधारका प्रतिवद्धता जनाउने तर त्यस अनुसार निर्णय नगरिँदिदा वैदेशिक रोजगार क्षेत्र जकडिएको अवस्थामा रहेको पोखरेलको भनाइ थियो ।

मञ्चले वैदेशिक रोजगारीमा जानेहरुबाट वैदेशिक रोजगार व्यवसायीले लिने सेवा शुल्क पुनरावलोकन गर्दै दक्षिण एशियाली अन्य मुलुक सरह कामदारले विदेशमा पाउने एक महिनाको तलब बराबरको रकम सेवा शुल्क बापत लिन पाउने व्यवस्था गर्नुपर्ने, इजाजतपत्रका लागि राखिएको धरौटीको व्याज व्यवसायीले पाउनुपर्ने, व्यवसायीलाई व्यापार प्रवर्द्धनका लागि सहुलियतमा छुट र ऋणको व्यवस्था गरिनुपर्ने लगायतको माग राखेको छ ।


## UAE मा रोजगार | कम्पनी : ACCURO SPECIALIST SUPPORT SERVICES LLC, शहर : UAE

पुर्व स्वीकृत मितिः २०७८/१०/२७ चलानी नं.: ६०१७४३१० LT. No.: 257907

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 200 | स. काममा दक्ष | 800 | २६,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ६ गते (18 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Empower Human Resources Management Pvt. Ltd** Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445 | Email: empowerhrnepal@gmail.com
Mobile No. 9828922999, 9801402996, 9851190570, 9849660515, 9801625801, 9860700057, 9819063243, 9817079788


## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**उर्लाबारी, मोरङ**
**१ नं प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृतगर्ने आशयको सूचना ।**

**(सूचना प्रकाशित मितिः २०७८।१०।२८)**

यस उर्लाबारी नगरपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयावधी भित्र दर्ता हुन अएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेख भएका बोलपत्रहरुको न्यूनतम मूल्यांकन भई सारभूत रुपमा प्रभावग्राहिभई स्वीकृतिकालागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ प्रयोजनकालागि सम्वन्धित सबै बोलपत्रदाताहरुको जानकारीकालागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं. | आयोजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कवोल अंक मू.अ.कर.सहित |
|---|---|---|---|
| URL-chehandada-Road-W-NCB-02-078/79 | Construction of Blacktop road of Chehandada to Ekta chowk, Purano Manglabare ward -2 | श्री तुम्रोक कन्स्ट्रक्सन, उर्लाबारी ३ | १७,७८,६८१.२८ |

**मुरारी प्रसाद घिमिरे**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

## वनगाड कुपिण्डे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**देवस्थल, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७८/१०/२८**

यस कार्यालयबाट मिति २०७८/०९/३० गते अन्नपुर्ण राष्ट्रिय दैनिकमा प्रकाशित बिधुतिय बोलपत्रको प्राविधिक तथा आर्थीक मूल्यांकन पश्चात सारभुत रुपमा प्रवावग्राही तथा न्यूनतम मूल्याकिंत रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | कामको विवरण | कार्यको नाम | निर्माण कम्पनी | मू.अ.क सहितको कबोल अंक |
|---|---|---|---|---|
| १ | BAKUNAPA/NCB/Works- 04-2078/079 | Upgrading of Devasthal-Namra-Dharagaun-Pokhara-Aulbesi-Bame Road | Gangotri Devi Nirman Sewa, Nepalgunj, Banke | 50,77,169.26 |

**प्रमुख प्रसाशकीय अधिकृत**

## सार्वजनिक सुचना

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक बिभाग**
**पुल महाशाखा**

**तार्ता (३५ मी.), तासु (४० मी.)र मैदे (२५ मी.) पुल निर्माणको सक्षिप्त वातावरणिय अध्ययन प्रतिबेदन तयारी सम्बन्धी सार्वजनिक सुचना**

**(प्रथम पटक प्रकाशित मितिः २०७८/१०/२८)**

कर्णाली प्रदेश, जाजरकोट जिल्ला नलगाड नगरपालिकामा वडा न.९मा निर्माण हुने तार्ता पुल, वडा न. ११मा निर्माण हुने तासु पुल र वडा न.८ मा निर्माण हुने मैदे पुल, सडक बिभाग अन्तर्गत पुल माहाशाखाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| प्रस्तावकको नाम र ठेगाना | पुल माहाशाखा, सडक बिभाग, चाकुपाट, ललितपुर, फोन नंः ०१५५२८७७१, ई-मेलः bridgebranch@dor.gov.np | | |
|---|---|---|---|
| प्रस्तावको व्यहोरा | पुलको नाम | तार्ता | तासु | मैदे |

| प्रस्तावको व्यहोरा | | | | |
|---|---|---|---|---|
| | पुलको नाम | तार्ता | तासु | मैदे |
| | पुलको प्रकार | Prestressed RCC | Prestressed RCC | RCC T-Beam |
| | पुलको कुल लम्वाई | ३५ मी. | ४० मी. | २५ मी. |
| | पुलको कुल चौडाई | ११ मी. | ११ मी. | ११ मी. |
| | क्यारियज वेको चौडाई | ७.५ मी. | ७.५ मी. | ७.५ मी. |
| | फुटपाथको चौडाई | १.७५ मी. | १.७५ मी. | १.७५ मी. |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | नलगाड न.पा, जाजरकोट जिल्ला | | | |

माथि उल्लेखित प्रस्तावको सक्षिप्त वातावरणिय अध्ययनका क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, रसायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक-साँस्कृतिक तथा आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न नलगाड नगरपालिका तथा त्यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकार व्यक्ति वा संस्थाको लिखित राय/सूझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी राय सूझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

**राय सूझावको लागि पत्राचार गर्ने ठेगाना :**

| प्रस्तावक | मन्त्रालयको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|---|
| सडक बिभाग, पुल महाशाखा, चाकुपाट, ललितपुर, फोन नंः ०१५५२८७७१, **ई-मेल :** bridgebranch@dor.gov.np | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार, काठमाडौं, फोन नंः ०१४२११७३२, ०१४२११३२१ **ई-मेल :** info@mopit.gov.np | ईन्डेभवर ईन्जिनियरिङ्ग सर्भिसेस प्रा.लि, काठमाडौं - ३२, काठमाडौं, फोन नंः ९८५११३७५७४, **ई-मेलः** info@endeavour.com.np |


## UAE मा रोजगार | १. कम्पनीः CARS TAXI SERVICES CO. LLC, शहरः DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०६/१५ चलानी नं.: ६०१६४५४५ LT. No.: 247397 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Taxi Driver | 100 | 0 | स. काममा दक्ष | 1600 | ५२,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः METRO TAXI LLC शहरः DUBAI पुन विज्ञापन
पूर्व स्वीकृत मितिः २०७८/१०/१७ चलानी नं.: ६०१७३७६३ LT. No.: 257105

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Vehicle Driver ( Taxi Driver) | 50 | 0 | स. काममा दक्ष | 1600 | ५२,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ५ गते (17 Feb. 2022) इटहरीमा फागुन ६ गते (18 Feb. 2022), बिर्तामोडमा फागुन ७ गते (19 Feb. 2022) र पोखरामा फागुन ८ गते (20 Feb. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

RAJ GROUP OF COMPANIES License No.:1245/074/075
**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

## कतारमा रोजगार | १. कम्पनीः HERITAGE TRADING AND CONTRACTING, शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/१०/२७ चलानी नं.: ६०१७४३०६ LT. No.: 257709

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric Tech | 2 | 0 | स. काममा दक्ष | 1200 | ३९३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः KOSMONTE FOODS शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/१०/२७ चलानी नं.: ६०१७४३०५ LT. No.: 257710

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५९,०२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Salesman | 3 | 0 | | 1400 | ४५,९०६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ६ गते (18 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

# १८ वर्ष माथिका सबै नागरिकलाई कोरोनाविरुद्धको बुस्टर डोज

**काठमाडौं/मस-** कोरोना भाइरसविरुद्धको दुवै डोज खोप लगाएका ६ महिना पुगेका १८ वर्ष माथिका सबै नागरिकलाई सरकारले बुस्टर डोज खोप दिने भएको छ । बिहीबार स्वास्थ तथा जनसंख्या मन्त्रालयले कोरोना विरुद्धको दुवै डोज खोप लगाएको ६ महिना पूरा भएका १८ वर्ष माथिका सबै नागरिकलाई बुस्टर डोज दिने निर्णय गरेको हो । बुस्टरको रुपमा कोभिशिल्ड, एस्ट्राजेनेका, मोडर्ना वा फाइजर खोप दिने निर्णय भएको मन्त्रालयले जनाएको छ ।



मन्त्रालयले ७७ जिल्लाकै स्वास्थ्य कार्यालयहरुलाई पत्राचार गर्दै कोरोना विरुद्धको खोपको पहिलो श्रृंखला लगाएको ६ महिना पूरा भएका १८ वर्ष र सोभन्दा माथिका सबैलाई खोप उपलब्धताको आधारमा कोभिशिल्ड, एस्ट्राजेनेका, मोडर्ना वा फाइजर खोप (बुस्टर डोज) प्रदान गर्न भनेको छ ।

मन्त्रालयले बुस्टर डोज खोप दिँदा अग्रपंक्तिमा खटिनेहरु, ६० वर्षमाथिका ज्येष्ठ नागरिक, दीर्घरोगी, गर्भवती र सामाजिक जनसांख्यिक रुपमा पछाडि पारिएका व्यक्तिहरुलाई प्राथमिकता दिन पनि भनेको छ । मन्त्रालयले कोरोना संक्रमण भएका व्यक्तिलाई संक्रमणमुक्त भएको एक महिनापछि कोरोना भाइरसविरुद्धको खोप र बुस्टर डोज दिन मिल्ने जनाएको छ ।

**कोरोना निको हुने दर ९५ दशमलव आठ प्रतिशत**

देशभर बिहीबार ११ हजार ८८० को नमूना परीक्षण गर्दा एक हजार ३६९ मा कोरोना संक्रमण पुष्टि भएको छ । आठ हजार हजार ८८० को पीसीआर र तीन हजारको एन्टीजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । गत २४ घण्टामा दुई हजार २३८ कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ३० हजार ६०७ पुगेको छ । निको हुने दर ९५ दशमलव आठ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

नेपालमा पीसीआर विधिबाट नौ लाख ७१ हजार ४७५ र एन्टीजेन विधिबाट परीक्षण गर्दा एक लाख ३६ हजार ५११ संक्रमित भएको मन्त्रालयले जनाएको छ । पीसीआर विधिबाट परीक्षण गर्नेको संख्या ५३ लाख १२ हजार ४४२ र एन्टीजेन विधिबाट परीक्षण गर्नेको संख्या १० लाख सात हजार २३४ पुगेको छ । कूलमा सङक्रमण दर १८ दशमलव तीन प्रतिशत छ ।

कोभिडविरुद्धको खोप लगाउनेको संख्या पछिल्लो २४ घण्टामा दुई लाख २० हजार ६०१ रहेको छ । हाल सक्रिय संक्रमितको संख्या २९ हजार चार रहेको छ । पछिल्लो २४ घण्टामा कोरोनाबाट १२ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ८६४ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर एक दशमलव तीन प्रतिशत छ । प्रति १० लाख जनसंख्यामा मृत्युदर ३९० दशमलव पाँच रहेको छ ।

हाल भेन्टिलेटरमा रहनेको संख्या जम्मा ३२ र आइसियुमा २२५ रहेको छ । होमआइसोलेसनमा २७ हजार ९३०, संस्थागत आइसोलेसनमा एक हजार ७४ र क्वारेन्टिनमा १३३ जना रहेका छन् । हाल देशभरमा ५०० भन्दा बढी सक्रिय संक्रमित भएका जिल्लामा मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, काभ्रेपलाञ्चोक, कास्की, बाँके, रुपन्देही, र कैलाली रहेका छन् । दुई सयभन्दा बढी उपचारार्थ संक्रमित रहेका जिल्लामा सिरहा, सप्तरी, पर्सा, बारा, महोत्तरी, सर्लाही, धादिङ, नवलपरासीपूर्व, स्याङ्जा, बागलुङ, तनहुँ, पाल्पा, बर्दिया, दाङ, र कञ्चनपुर छन् । हाल शून्य संक्रमित रहेको एक मात्र जिल्ला मनाङ रहेको छ । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा सात हजार १७०, ललितपुरमा तीन हजार ४३१ र भक्तपुरमा एक हजार ४६४ सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ ।

---

भूमे गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## कृषि एम्बुलेन्स आपूर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८।०८।२८ (पूनः प्रकाशित मिति २०७८/१०/२८)**

भूमे गाउँपालिका अन्तर्गतका कृषि उपज संकलन तथा बजारीकरण द्रुत सेवाका लागि कृषि एम्बुलेन्स सञ्चालन गर्न एक थान चारपाङ्गे सवारी साधन खरिद तथा ढुवानी गर्नुपर्ने भएकोले नियमानुसार इजाजत प्राप्त इच्छुक फर्म/कम्पनी/सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधीनमा रही सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

**शर्तहरु**

१. सिलबन्दी बोलपत्र दाखिला गर्दा फर्म सञ्चालकको नेपाली ना.प्र.प., मू.अ.क. दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ सम्मको करचुक्ता प्रमाणपत्र, नवीकरण इजाजत पत्र र आय कर दर्ता प्रमाणपत्रको १/१ प्रति नोटरी प्रमाणित प्रतिलिपी, कारोबार गर्न अयोग्य नभएको र कालो सूचीमा नपरेको स्वघोषणा अनिवार्य पेश गर्नुपर्नेछ ।
२. बोलपत्र फाराम बापत नगदै रु. ३,०००/- (फिर्ता नहुने गरी) तिरी कार्यालयबाट मिति २०७८।११।२८ गते कार्यालय समयभित्र खरिद गरी २०७८।११।२९ गते दिनको १२:०० बजेभित्र कार्यालयमा दर्ता गरिसक्नुपर्ने छ । दर्ता भएका बोलपत्रहरु सोही दिनको ३:०० बजे खोलिनेछ । रीतपूर्वक पेश नभएका, म्याद नाघी आएका वा शर्त राखिएका बोलपत्रमाथि कुनै कारवाही हुने छैन। बोलपत्रदाता प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. बोलपत्रको मान्य अवधि बोलपत्र खोलेको मितिदेखि १२० दिनको हुनेछ । बोलपत्रसाथ तोकिएको रकम बराबरको क वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बोलपत्र जमानत (**BID Security**) पेश गर्नुपर्नेछ वा बोलपत्र जमानत नगदै सिटिजन्स बैंक इन्टरनेशनल लि. भूमे शाखा स्थित बैंक खाताः ग ३ भूमे गा.पा. धरौटी खाता, बैंक खाता नं. ०७८०१०००००३०२०१ पनि जम्मा गर्न सकिनेछ ।
४. बोलपत्र खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट हुनेछ । यसो भएता पनि बोलपत्र जमानत र बोलपत्रको मान्य अवधि माथि उल्लेखित नै हुनेछ । बोलपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।
५. यस सूचनामा उल्लेख नभएको सम्बन्धमा प्रचलित नियम कानून बमोजिम हुनेछ । थप जानकारीको लागि यस कार्यालयमा वा ९८०१२३२३३३ वा ९८०६२५९०२० मा सम्पर्क राख्न सकिनेछ ।

| बोलपत्र.नं. | विवरण | अनुमानित ल.इ. रकम (भ्याट समेत) | जमानत रकम |
|---|---|---|---|
| BRMO/078-79/SQ/GOODS/04 | कृषि एम्बुलेन्सका लागि 4WD जीप खरिद | रु.२५,००,०००।- | रु.७५,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**

---

# Dhangadhimai Municipality
## Office of the Municipal Executive
Dhangadhi, Siraha
Madhesh Province, Nepal

## Invitation for Online Bids

**Contract Identification No: DH-Mun.-NCB-10,11,12-2078-079**

**Date of publication: 2078/10/28(11/02/2022)**

1. *Dhangadhimai Municipality, Office of the Municipal Excutive, Dhangadhi, Siraha* invites electronic bids from Nepalese eligible bidders for the construction of the following projects as mentioned in the table below under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of *Dhangadhimai Municipality Dhangadhi Siraha or Dhangadhimaimun.gov.np* or may visit PPMO website www.bolpatra.gov.np/egp
3. Bidders should submit bid electronically may download the bidding documents for e-submission from PPMO's website www.bolpatra.gov.np/egp. Bidder's submitting their bid electronically following procedure specified in e-GP system operating guideline ,2073 and user manual issued by PPMO, should deposit the cost (pdf format) of the document in the project's rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Also submission of signed letter of bid, along with the copy of company/firm registration certificate, business registration (License) and renew certificate, VAT and PAN registration certificate, Tax clearance certificate up to F/Y 2077/78 and the time of extension in the case of previous F/Y clearance is compulsory. Information to deposit the cost of bidding documents in Bank as specified below.

| Information for deposit the cost of bidding document. | Information for deposit the cost of bid security |
|---|---|
| Name of the Bank : NCC Bank, Dhangadhi, Siraha | Name of the Bank : NCC Bank, Dhangadhi, Siraha |
| Account No. 1420000040801 | Account No.1420000041901 |
| Office code No. 801021604 | |

4. Sealed Bids must be submitted online to the above office of Dhangadhimai Municipality on or before 12:00 PM on 13th March, 2022 (29 Falgun, 2078 B.S.). Documents received after this deadline shall not be accepted.
5. Bid will be opened in the presence of the bidders' representatives who choosed to allained at 13:00 hours on 13th March, 2022 (29 Falgun, 2078 B.S.). for all contracts at the office of Dhangadhimai Municipality Dhangadhi. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the bid validity period. The original bid bond guarantee letter should be issued in the name of the office by any Commercial (Banijya) Bank, recognized by Govt. of Nepal. Only the bid security guarantee letter in the format specified in the bid document will be accepted or bidder who choose to deposit the bid security in cash shall deposit the cash and submit receipt the voucher from the Bank listed above.
6. Pre-bid meeting on 28th Feb, 2022 (16 Magh 2078 B.S.) at 2:00 PM at Dhangadhimai Municipality office, Dhangadhi (Siraha).
7. If the last date of bid purchasing, submission, opening, pre-bid meeting falls on a government holiday, then the date for the applicable event shall be extend to the next working day. In such case the validity of bid security shall be considered from the originally specified last date for bid submission.
8. Any conditions not covered so far shall be as per FAR 2056 ((Latest Revision), Procurement Avt, 2063, and Procurement Regulation, 2064 (fourth amendment).
9. Any amendment in this notice shall be pasted on the notice board of the client's office.
10. Dhangadhimai Municipality, office of the Municipal Excutive reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| S.N. | Contract Id.No. | Name of Projects | Cost Estimate (with Vat ) | Bid Security Amount NRs. | Cost of Bid Documents |
|---|---|---|---|---|---|
| 1 | DH/MUN/ NCB/10/2078/79 | Construction of Blacktop Road at Highway Dekhi Shyampur Hudai Pramukh Parsasakiy Vawan Saman | 19174696.17 | 480000.00 | 3000.00 |
| 2 | DH/MUN/ NCB/11/2078/79 | Construction of Black top Road at Jaipur Dekhi Nimchok Road | 5497210.85 | 140000.00 | 3000.00 |
| 3 | DH/MUN/ NCB/12/2078/79 | Construction of Black top Road at Dum khola Dekhi Gadme Bazar Saman Road | 3199337.57 | 80000.00 | 3000.00 |

***Note:*** *(As mentioned in clause 49ka of PPR 2064 clause 49ka ,add more relevant information as per required)*

---

**Saudi मा रोजगार** AL-RAWAQ AL-ABYAD CONTRACTING EST.

पूर्व स्वीकृती मिति: [illegible] चलानी नं.: [illegible] LT No.: 257643

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 06 | साधारण | 1000 | ३१,८६४।- | [illegible] | ८ घण्टा | ६ दिन | [illegible] | छ | | २ वर्ष |

[illegible]

अन्तरवार्ता २०७८ फागुन ६ गते (18 Feb., 2022) यस प्रा. लि. को कार्यालय सिनामंगलमा हुनेछ ।

[illegible]

पावर हाउस ओभरसिज कन्सर्न प्रा. लि.
सिनामंगल-९, एयरपोर्ट, काठमाडौं, फोन : ४४६९७१०

**कतारमा रोजगारको अवसर** | कम्पनी: AL RAWABI FOOD CENTER
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/१०/२७ चलानी नं.: ६०१७४३०७ LT. No.: 257731

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५५,७४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Loading & Unloading | 2 | 0 | | 1100 | ३६,०६९ | | | | | | | |
| 3. | Cashier | 0 | 5 | | 1400 | ४५,९०६ | | | | | | | |

अन्तरवार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन ६ गते (18 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

पुकार इन्टरनेशनल ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं.: ७८३/०६५/०६६
टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं,
फोन नं.: ०१-४९८८७५४, ४९८८७५५
Chitwan: 056-522876, 9855060686 Pokhara: 061553158, 9846031923
Butwal: 071-541534, 9857077872, Birtamod: 023-534105, 9806091708
E-mail : Info.pukaragency@gmail.com

**मलेशियामा रोजगार** | कम्पनी : TAKDIR PERMAI (M) SDN BHD
शहर : PULAU PINANG

पूर्व स्वीकृत मितिः २०७६/१२/०६ चलानी नं.: ६०१७४२६६ LT. No.: 235144 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 25 | 0 | स. काममा दक्ष | 1200 | ३४,२३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन ६ गते (18 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Chandra Kamana Manpower Pvt. Ltd.
Gov. Lic. No.: 1405/074/075
Pingalasthan, Gaushal, Kathmandu, Nepal, Tel : 4495822, 4485206, 9849526766
Email: chandrakamna05gmail.com, Web.: www.chandrakamanamanpower.com.np

**साउदीमा रोजगार** | कम्पनी: AL DIWANIYAH AL JADEEDA CONTRACTING EST
शहर: AL JUBAIL

पुर्व स्वीकृत मितिः २०७८/१०/२७ चलानी नं.: ६०१७४२९४ L.T. No.: 257692

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Main Caterer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,१९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Packaging And Wrapping Worker | 3 | 0 | | 1200 | ३८,१९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ६ गते (18 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

